# लुम्बिनी प्रदेश प्रहरी कार्यालय,दाङ अन्तर्गत पहिचान नखुलेका लासहरुको विबरण

| जिल्ला | विवरण | फोटो |
|---|---|---|
| अर्घाखाँची | मिति २०७९।०९।०३ गते अं.१५:०० बजेको समयमा जि. अर्घाखाँची सन्धुखर्क न.पा. वडा नं.१ गुन्टखोला स्थित चन्द्र श्रेष्ठको बारीमा कुकुरले पुरुष नबजात शिशुलाई खादै गरेको अबस्थामा फेला। |  |
| रुपन्देही | मिति २०७९।०६।२७ गते बिहान अं.१०:३० बजेको समयमा जि.रुपन्देही तिलोतमा न.पा.वडा नं.३ जानकीनगर स्थित एकिन नामथर वतन नखुलेको अं.५०।५५ वर्षको, वर्ण गहुँगोरो, मझौला शरिर, उचाई ५.३ फिट, खरानी रङको पाईन्ट, कालो ज्याकेट, हरियो रङको टिसर्ट लगाएको **पुरुष** व्यक्तिको लाश हाल लुम्बिनी प्रादेशिक अस्पताल बुटलको शव गृहमा राखिएको। |  |
| रुपन्देही | मिति २०७९।०६।२७ गते बिहान अं.०९:०० बजेको समयमा जि.रुपन्देही तिलोतमा न.पा.वडा नं.१७ मुडीयारी बिउली खोला स्थितमा एकिन नामथर वतन नखुलेको, अं.३०।३५ वर्षको,माथि खैरो हाफ सर्ट,खैरो पाईन्ट र सेतो धर्का भएको पेन्ट लगाएको शव सडिगली औसाकिरा परेको **पुरुष** व्यक्तिको लाश फेला परेको। |  |
| पाल्पा | मिति २०७९।०६।२४ गते दिनको अं.१३:०० बजेको समयमा जि.पटल्पट बगनासकालि गा.पा.वडा नं.६ गुँगा स्थानमा रहेको नुनढिकेको रुखको हागामा प्लास्टिकको लाम्लो बाधी घाटीमा पासो लगाई झुण्डिएको कृष्ण धिताल भनि बताई हिड्ने **पुरुष** मृत फेला, अं.२८ वर्षको,वर्ण गहुँगोरो,सुरज कवरको घरमा काम गरी बस्ने गरेको हाल पाल्पा अस्पतालको शब गृहमा राखिएको। |   |
| प्युठान | मिति २०७९।०६।२७ गते साँझ अं.१९:०० बजेको समयमा जि.प्युठान सरुमारानी गा.पा.वडा नं.२ दर्भान बजारमा नामथर वतन नखुलेकी मानसिक सन्तुलन ठिक नभएकी अं.४०।५५ वर्षको, मधेसी मुलको जस्तो सदेखिने, रातो ज्याकेट,भित्र सेतो कालो बुट्टा टिर्सट,तल पहेलो सेतो रङको बेट्टा भएको सुरुवाल लगाएकी **महिला** मृत्त फेला हाल प्यूठानको शव गृहँमा राखिएको। |  |
| कपिलवस्तु | मिति २०७९।०६।२१ गते १३:४० बजेको समयमा जि.कपिलवस्तु शिवराज न.पा.वडा नं.२ हल्लानगर स्थित ऐ.बस्ने राधिका सुनारको घर देखी पुर्व पट्टी हिरा थापाको खाली जङगलमा नामथर, वतन नखुलेको अं.४८/५० वर्षको, वर्ण गोरो, मझौला शरिर भएको, उचाई ५.३ फिट, कपाल सेतो, कालो छोटो भएको, खैरो खरानी कलरको फुल टिर्सट, खैरो हाप पाईन्ट लगाएको, पहाडी मुलको जस्तो देखिने **पुरुष** व्यक्तिको लाश हाल जि.अस्पताल तौलिहवा कपिलवस्तुमा राखिएको। |  |
| बर्दिया | मिति २०७९।०६।१३ गते जि.बर्दिया ठाकुरबाबा न.पा. वडा नं २ आम्बासा स्थित पुर्व पश्चिम राजमार्ग सडक खण्डमा एकिन नाम थर वतन नखुलेको, वर्ण गँहुगोरो, कपाल नभएको, दाह्री फुलेको **पुरुष** व्यक्तिको लाश। |  |

| | | |
|---|---|---|
| कपिलवस्तु | मिति २०७९।०६।१२ गते जि.कपिलवस्तु शिवराज न.पा. वडा नं ५ शिवराज साझेदारी वन समितिको जंगल पछाडी उत्तर पट्टि गोरेटो बाटोमा पुरुष मानिस उत्तानो परी मृत अवस्थामा उचाई ५.६ फिट, कपाल छोटो भएको, गाडा निलो सेतो धर्के फुल सर्ट, आकाशे रङको ट्राउजर लगाएको **पुरुष** व्यक्तिको लाश। |   |
| दाङ | मिति २०७९।०५।१८ गते जि.दाङ घोराही उपनगरपालिका वडा नं १ कांडाकट्टी स्थित बबई नदीको किनारमा हाल सम्म नाम थर वतन नखुलेको,सडीगलेको अवस्थामा फेला परेको, मृत लाशको छुट्टाछुट्टै स्थानमा कम्मर देखि तलको भागको टुक्रा र टाउको भएको कम्मर देखि घांटीसम्मको भाग नभएको वेवारिसे लाश।**लिङ्ग खुल्न नसकेको।** |   |
| रोल्पा | मिति २०७९।०५।१५ गते जि.रोल्पा माडी गा.पा. वडा नं ३ तालाबाङ बस्ने जयलाल डाँगीको घरमा मजदुरको रुपमा घर बनाउने कामकाज गर्दै आएका जि.रोल्पा परिवर्तन गा.पा. वडा नं २ कमबाङ बस्ने वर्ष २२ को दुर्गा बहादुर पुन र निज संगै बस्दै आएकी वर्ष ३८ की पार्वती पुन(श्रीमती भन्ने गरेको) ऐ.ऐ. स्थित रहेको निजहरु नै बसोबास गर्दै आएको टिनको छानो कटेरो भित्र मृत फेला परेको **महिला**को लाश। |  |
| अर्घाखाँची | मिति २०७९।०५।०५ गते बिहान अं. ५:४५ बजेको समयमा जि.अर्घाखाँची शितगंगा न.पा. वडा नं ११ कालीखोला स्थित गैडे सामुदायिक वनमा नाम थर वतन नखुलेको, उचाई ५.२ फिट, लाश नजिकै HAOQIANG लेखेको कालो, खैरो रङको झोला र गोलो कालो रङको टोपी रहेको, कालो रङको फित्ता भएको घडी बानेको, किरा औसा परी लाश सडीगली छाला र हड्डी मात्रै बाँकी रहेको **पुरुष** व्यक्तिको लाश। |   |
| रुपन्देही | मिति २०७९।०५।०३ गते अं. १६:०० बजेको समयमा जि.रुपन्देही सि.न.पा. वडा नं १ वेलहिया स्थितमा एकिन नाम थर वतन नखुलेको, नाम राम बहादुर नेपाली बताउने, सेतो निलो कालो रङको भेष्ट लगाएको, कालो हाफ कट्टु लगाएको, उचाई ५.२ फिट रहेको **पुरुष** व्यक्तिको लाश। |  |
| कपिलवस्तु | मिति २०७९।०४।२१ गते बिहान अं.०६:४५ बजेको समयमा जि.प्युठान मल्लरानी गा.पा. वडा नं ४ पाण्डेडाँडा झिमरुक फाँट स्थित झिमरुक खोलाको भंगालोमा हरियो प्लाष्टिकले बाँधेको नामथर वतन नखुलेको, उचाई ५.३ फिट,हरियो सेतो प्लाष्टिकले बेरिएको, भित्रबाट हरियो तन्नाले बेरिएको त्यसको भित्र सेतो,रातो तन्नाले बेरिएको, कालो पाईन्ट र सेतो भेष्ट लगाएको **पुरुष**को लाश सडिगली अवस्थामा रहेको। |  |
| कपिलवस्तु | मिति २०७९।०४।२० गते १६:०० बजे जि.कपिलवस्तु बिजयनगर गा.पा.वडा नं.३ हमल्हवा स्थित भटनी खोलामा किनाराबाट सिसौको रुख ढलेको र उक्त रुखमा बिच खोलामा घोप्टो परेर हड्किएको अवस्थामा नामथर, वतन नखुलेको उचाई ५.३ फिट, अं.४०/४५ वर्षको, पहाडी मुलको जस्तो देखिने शरिरको तल्लो भागमा कालो पाईन्ट लगाएको, छाला खुईलेको**पुरुष** व्यक्तिको लाश हाल कपिलवस्तु अस्पताल तौलिहवामा राखिएको। |  |

| | | |
|---|---|---|
| **दाङ** | मिति २०७९।०४।२३ गते दिउँसो अं.१२:०० बजेको समयमा जि.दाङ गढवा गा.पा.वडा नं.५ स्थित राप्ती नदी खर्चहवा बगरमा राप्ती नदीको किनारमा बाढीले बगाई ल्याई अड्किएको अवस्थामा खैरो रङको पेन्टी कट्टु लगाई नामथर, वतन नखुलेको **पुरुष** व्यक्तिको मृत लाश घोप्टो अवस्थामा सडीगली किरा परेको हवस्थामा फेला हाल लमही दाङको शव गृहमा राखिएको। |  |
| **प्यूठान** | मिति २०७९।०४।१८ गते बिहान अं.११:१५ बजेको समयमा जि.प्यूठान ऐरावती गा.पा.वडा नं.५ खानीरह झिवाङ स्थित खिमरुक खोलाको किनारामा नामथर, वतन नखुलेको अं.६०/६५ वर्षको, उचाई ५.५फिट, कालो रंगको पाईन्ट, सेतोमा निलो धागोले ईन्टर लक गरेको सर्ट लगाएको **पुरुष** व्यक्तिको लाश सडीगली अवस्थामा हाल प्यूठानको शव गृहमा राखिएको। |  |
| **दाङ** | मिति २०७९।०४।१७ गते अं.०७:०० बजेको समयमा जि.दाङ घोराही उ.म.पा.वडा नं.१५ कपासी स्थित घोराही बजार देखि तुलसीपुर जाने सडक खण्डको दक्षीणी किनारामा नामथर, वतन नखुलेको अं.५५/६० वर्षको उचाई ५.७ फिट, फुलेको कपाल, निलो र सेतो फुलबुट्टे रङको हाप सर्ट, सेतो सेणडो कपडा, कालो रङको पाईन्ट लगाएको **पुरुष** व्यक्तिको लाश हाल जि.दाङ घोराहीमा राखिएको। |   |
| **पाल्पा** | मिति २०७९।०४।०९ गते अं.१६:३० बजेको समयमा जि.पाल्पा तिनाउ गा.पा.वडा नं.५ चरचरे स्थित तिनाउ खोलामा नामथर वतन नखुलेको वर्ष अं.३०।३५ की उचाई ४.९ फिट, मंगोलियन अनुहार, रातो मा सेतो बुट्टे कुर्ता, रातोमा बुट्टे फुल सुरुवाल लगाएकी, अगाडी माथीको एउटा दाँत भाचिएको **महिला**को लास फेला हाल जि.पाल्पा अस्पतालको शव गृहमा राखिएको। |  |
| **कपिलवस्तु** | मिति २०७९।०३।२१ गते अं. २१:१० बजेको समयमा जि. कपिलवस्तु महाराजगंज न.पा. वडा नं.६ सानो बुटहनिया स्थित नामथर, वतन नखुलेको,अं.४५/५० वर्षको,वर्ण गहुँगोरी, रातो कुर्ता,घ्यु रंगको सुरुवाल, भाटा रंगको चुन्नी लगाएकी, पातलो शरीर, दाहिने हातको नाडीमा सर्पको ट्याटु निशान भएको,घाटीमा रातो रंगको पोते लगाएको,हेर्दा तराई मुलको चौधरी बासी जस्तो देखिने **महिला**मृत फेला । हाल जिल्ला अस्पताल तौलिहवा कपिलवस्तुको शव गृहमा राखिएको। |   |
| **कपिलवस्तु** | मिति २०७९।०३।२२ गते अं. १४:२५ वर्षको समयमा जि. कपिलवस्तु शिवराज न.पा. वडा नं.५ चैनपुर स्थितमा नामथर, वतन नखुलेको,अं.४०/४१ वर्षको,खैरो टिसर्ट र निलो जिन्स पाईन्ट,कालो रंगको म्याजिक चप्पल लगाएको,बिहान देखि सोही स्थानमा हिडडुल गरी रहेको **पुरुष** व्यक्ति वेहोस अवस्थामा फेला पारी हस्पिटल लगेको र ऐ. १४:४० बजेको मृत्यु घोषणा गरिएको, हाल सोही अस्पतालको शव गृहमा राखिएको। |  |
| **बर्दिया** | मिति २०७९।०३।१७ गते दिनको ११:१९ बजेको समयमा जि.बर्दिया बाँसगढी न.पा. वडा नं ४ मगरपुर स्थित जनचेतना सामुदायिक वनको जामुनको रुखमा तत्काल पहिचान नखुलेको वर्ष २२/२५, रातोमा खेरौ बुट्टा/ठाडो धर्का भएको कुर्ती र हरियो रङको सुरुवाल लगाएकी, गलामा निलो पहेलो रङको पोते लगाएकी, उचाई ५.३ फिट भएकी **महिला** झुण्डी मृत्यु अवस्थामा फेला परेको । |  |

| | | |
|---|---|---|
| प्युठान | मिति २०७९।०३।१५ गते दिउँसो अं. १४:३० बजेको समयमा जि.प्युठान प्युठान न.पा. वडा नं ४ बिजुवार स्थित झिमरुक खोलाको किनारको बगरमा निम्न वर्ष ५०को **महिला** सडिगली हरियो रङको प्लाष्टिक, सेतो रङको कोरा कपडा र रातो रङको धोती कपडाले बाधेको, घाटी देखि योनी सम्म चिरी सिलाएको लाश फेला परेको। |   |
| रुपन्देही | मिति २०७९।०२।०२ गते बिहान अं. ०५:०० बजेको समयमा जि. रुपन्देही सैनामैना न. पा. वडा नं. ३ स्थित दुर्गा मन्दिर परिसरमा नामथर, वतन नखुलेको अं. वर्ष ४० को उचाई ५.१ फिट, वाया हातको नाडीमा चुमान लेखेको टाटु खोपेको, दुबै हातमा डोरा बाधेको, वाया हातमा लम्बिनी नेपाल, लेखेको पितलको बाला लगाएको, रातो लि वास ग्यालरी लखेको फुल टिसर्ट, कालो हाप पाईन्ट लगाएको र मागिखाने जस्तो देखिने मृत **पुरुष**को लाश पो. मा. को लागी लुम्बिनी प्रादेशिक अस्पताल बुटवल रुपन्देहीको शव गृहमा राखिएको। |  |
| कपिलवस्तु | मिति २०७८।१२।१२ गते अं. १८:०० बजेको समयमा जि. कपिलवस्तु शिवराज न. पा. वडा नं. १ रेन्जरपोष्ट स्थित फारल्यान्ड जंगलको बिचमा रहेको रईनिको रुखको हांगामा नेटको तारले पासो लगाई झुण्डीएर मृत अवस्थामा रहेको नामथर, वतन नखुलेको वर्ष अं.२०/२२ को उचाई ५.७ फिट, वर्ण गहुँगोरो, लामो कपाल, निलो जिन्स पाईन्ट, कालोमा पहेलो टिसर्ट लगाएको, दुबै कानमा मुन्द्रा र हेर्दा ग्यारेजमा काम गर्ने जस्तो देखिने मृत**पुरुष** व्यक्तिको लाश हाल शिवराज अस्पताल बहादुरगंज कपिलवस्तुको शव गृहमा राखिएको । |  |
| दाङ | मिति २०७८।११।१४ गते अं. ०८:३० बजेको समयमा जि. दाङ घोराही उ. म. न. पा. वडा नं. ४ गोग्ली स्थित पेट्रोल पम्प नजिक अं. वर्ष ६०/६१ को वर्ण गहुँगोरो, कपाल फुलेको, तालु खुईलिएको, पातलो शरिर भएको, खैरो स्वीटर, आकाशे निलो भेष्ट, कालो ट्राउजर, कन्भर्स जुत्ता लगाएको र थारु जनजाती जस्तो देखिने मृत **पुरुष** व्यक्तिको लाश राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठान घोराही दाङमा राखिएको। |  |
| रुपन्देही | मिति २०७८।११।१५ गते भिहान अं. ०७:३० बजेको समयमा जि. रुपन्देही सैनामैना वडा नं. ३ मुर्गिया स्थित दुर्गा भवानी मन्दिरको कम्पाउण्ड हाता भित्र नामथर, वतन नखुलेको, अं. वर्ष ३५/३६ को उचाई ५.४ फिट, वर्ण कल्साउदो, कालो कपाल, रातो अनुहार, पातलो शरिर, धर्के सर्ट र निलो ट्राउजर लगाएको मृत **पुरुष** व्यक्तिको लाश लुम्बिनी प्रादेशिक अस्पताल बुटवलको शव गृहमा राखिएको। |  |
| पयूठान | मिति २०७८।१०।१७ गते बिहान अं. १०:०० बजेको समयमा, जिल्ला प्यूठान सरुमारानी गा.पा. वडा नं. २, ३०/३५ वर्षको नाम थर, वतन नखुलेको, माथी Nikedroलेखेको उईनचिस्टर लगाएको तल सेतोमा खैरो रङगको पकेटवाला पाईन्ट लगाएको, दाहिने हातमा सेतो फलामको जस्तो बाला लगाएको, दुवै खुट्टामा कालो स्पोर्ट जुत्ता लगाएको, दाहिने पकेटमा Nokia सादा मोबाईल र SOnyस्मार्ट मोबाईल थान २, मृत शव नजिक कालो झोला रहेको उक्त झोला भित्र कम्ब्याट पाइन्ट, निलो र खैरो रङको ३ वटा टिसर्ट, Jockyलेखेको मोजा |   |

| | | |
|---|---|---|
| | लगाएको **पुरुष** ब्यक्ती । | |
| रुपन्देही | मिति २०७८।१०।११ गते अं. १२:०० बजेको समयमा जि. रुपन्देही देवदह न. पा. वडा नं. ९ घोडाहा स्थित पुर्ब पश्चिम राजमार्ग सडकको दक्षिण तर्फ सडक छेउको खाल्डोमा नामथर, वतन नखुलेकी अं. वर्ष ३५/३६ कि रातो ब्लाउज रातो ज्याकेट, र पातलो शरिर भएकी र हेर्दा तराई मुलको जस्तो देखिने मृत महिला र सो **महिला**को लाश देखि अं. २५/३० मिटर दक्षिण तर्फ जंगलमा अं. ६/७ वर्षको बालिकाको निलो पाईन्ट, गुलाबी रंगको लेडिज सेण्डिल, पहेलो छिर्केमिर्के सर्ट, टाउकोमा रातो टोपी लगाएकी र हेर्दा तराई मुलको जस्तो देखिने मृत **बालिका**को लाश पो. मा. को लागी लुम्बिनी प्रादेशिक अस्पतालको शव गृहमा राखिएको । |  |
| नवलपरासी (पुर्ब) | मिति २०७८।१०।०५ गते अं. १२:३० बजेको समयमा जि. नवलपरासी (पुर्ब) मध्यबिन्दु न. पा. वढा नं. २ नन्दपुर स्थित नारायणी नदीको पानीको भागमा अं. वर्ष ३५ कि नामथर, वतन नखुलेकी, उचाई ५ फिट, वर्ण गहुँगोरी, कालो हाईनेक, पहेलो टिसर्ट, जिन्स पाईन्ट र सेतो गुलाबको फुल भएको जुत्ता लगाएकी मृत **महिला**को लाश परिक्षणको लागी मध्यबिन्दु जिल्ला अस्पताल डण्डा नवलपरासी (पुर्ब) मा राखिएको । |  |
| दाङ | मिति २०७८।०९।२८ गते दिउँसोको अं. १५:३० बजेको समयमा जि. दाङ घोराही उ.म.न.पा. वडा नं. १५ घोराही बजारको सहिद गेट स्थित सडक बाटोमा अलपत्र,हिड्न नसक्ने अशक्त तथा राम्रो संग बोल्न नसक्ने रोल्पा घर बताउने अं. वर्ष ४५/४८ को वर्ण गहुँगोरो, लाम्चो अनुहार, दाहिने खुट्टाको गोलीगाठा देखी माथी खुट्टामा रड हालेको डाम देखिएको, रातो ज्याकेट र रातो ट्राउजर लगाएको मानिसलाई उद्धार गरी ऐ. ऐ. स्थानमा रहेको मानव कल्याण सेवा घर आश्रममा राखिएकोमा निजको मिति २०७८।०९।२९ गते बिहानको समयमा सोही संस्थाको घरमा मृत्यु भएको **पुरुष** व्यक्तिको लाश राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङको शव गृहमा राखिएको । |  |
| कपिलबस्तु | मिति २०७८।०९।२१ गते अं. १३:१५ बजेको समयमा जि. कपिलबस्तु कपिलबस्तु न. पा. वडा नं. ११ अडौरा स्थित सडकमा हालसम्म नामथर, वतन नखुलेको अं. वर्ष २५/३० को उचाई ५.७ फिट, वर्ण गहुँगोरो, कपाल कालो लामो, रातो भेष्ट, बैजनी रंगको गम्छा, कालो ट्रयाक, दाहिने हातको नाडीमा बिश्व सिंह जस्तो देखिने नाम खोपेको र हेर्दा तराई मुलको जस्तो देखिने पुरुष मानिस अचेत अवस्थामा भेटिएकोमा निजलाई उद्धार गरी उपचारका लागी कपिलबस्तु अस्पताल तौलिहवामा ल्याई उपचारको क्रममा ऐ. ऐ. मितिको २१:१५ बजेको समयमा मृत्यु भएको **पुरुष** व्यक्तिको लाश परिक्षणको लागी सोही अस्पतालको शव गृहमा राखिएको । |  |

| | | |
|---|---|---|
| रुपन्देही | मिति २०७८।०९।०६ गते १६:४५ बजेको समयमा जि. रुपन्देही लुम्बिनी सांस्कृतिक न. पा. वडा नं. ३ स्थित लुम्बिनी बिकास कोष भित्र रहेको ई. प्र. का. लुम्बिनी रहेको कार्यालय नजिक झाडीमा नामथर, वतन नखुलेकी, अं. वर्ष १९/२० की, उचाई ५ फिट, वर्ण कल्साउदो, घाँटीमा कालो धागोमा धुर्गा भवानीको माला, दुबै खुट्टामा कलेजी रंगको चप्पल, दाँया हातको नाडीमा डोरो बाधेकी, नाडीमा ॐ लेखेको ट्याटु खोपेकी, नाकमा फुली लगाएकी, घ्यु रंगको कुर्ता, लेगिंज र सेतो लेडिज सेण्डो लगाएकी मृत **महिला**को लाश पो. मा. को लागी भैरहवा भिम अस्पतालको शव गृहमा राखिएको। |  |
| पाल्पा | मिति २०७८।०८।०९ गते बिहान अं. ०८:३० बजेको समयमा जि. पाल्पा तिनाउ गा. पा. वडा नं. ३ भुतखोला स्थित तिनाउ खोलामा नामथर, वतन नखुलेको अं. वर्ष ३०/३२ को उचाई ५ फिट, कालो रंगको पाईन्ट लगाएको मृत **पुरुष** व्यक्तिको लाश पाल्पा जिल्ला अस्पतालको शव गृहमा राखिएको। |  |
| पाल्पा | मिति २०७८।०७।०४ गते बिहान अं. ०८:१५ बजेको समयमा जि. पाल्पा रामपुर न. पा. वडा नं. ८ होस्दी स्थित कालिगण्डकी नदी किनारमा नामथर, वतन नखुलेको अं. वर्ष ४५/५० को उचाई ४.११ फिट, पहेलो रंगको टिसर्ट लगाएको मृत **पुरुष** व्यक्तिको लाश रामपुर अस्पताल पाल्पाको सव गृहमा राखिएको। |  |
| पाल्पा | मिति २०७८।०७।०४ गते बिहान अं. १०:३० बजेको समयमा जि. पाल्पा रामपुर न. पा. वडा नं. ८ भुजात सिद्धबाबा स्थित कालिगण्डकी नदी किनारमा नामथर, वतन नखुलेको अं. वर्ष ४०/४५ को उचाई ५ फिट भएको मृत **पुरुष** व्यक्तिको लाश रामपुर अस्पताल पाल्पाको सव गृहमा राखिएको। |   |
| पाल्पा | मिति २०७८।०७।०३ गते बिहान अं. ०९:०० बजेको समयमा जि. पाल्पा तानसेन न. पा. वडा नं. १४ कालिगण्डकीको किनारमा नामथर, वतन नखुलेको अं. वर्ष १ जतिको लिङ्ग समेत पहिचान हुन नसकेको **(कंकाल) शिशु** बच्चाको लाश पो. मा. को लागी पाल्पा जिल्ला अस्पतालको शव गृहमा राखिएको। |   |
| कपिलबस्तु | मिति २०७८।०६।१७ गते राती १५:०० बजे जि. कपिलबस्तु बुद्धभुमी न. पा. वडा नं. ९ चम्पापुर कपिलबस्तु साझेदारी सामुदायिक जंगलमा मानव कंकाल (खप्पर, हड्डी) हड्डिमा रातो रंगको चुराहरु अड्किएको, हरियो रंगको साडी, पहेलो तुना भएको हरियो चप्पल रहेको मृत **महिला**को कंकाल (लाश)। |  |
| कपिलबस्तु | मिति २०७८।०६।०८ गते बिहान अं. ०६:४० बजे जि. कपिलबस्तु शिवराज न. पा. वडा नं. १ रेन्जर पोष्ट नजिकै पुर्व पश्चिम राजमार्गमा नम्बर नखुलेको सवारी साधनले अं. वर्ष ७०/७५ को मानिस लाई ठक्कर दिई घाईते बनाई घाईये उपचारको क्रममा ऐ.ऐ. मिति अं. ०७:३० बजेको समयमा संजिवनी अस्पताल चन्द्रौटा कपिलबस्तुमा मृत्यु भएको व्यक्तिको उचाई ५.१० फिट, वर्ण कल्साउदो, सेतो कपाल भएको, सेतोमा कालो धर्के टिसर्ट, सेतो धोती लगाएको र हेर्दा तराई मुलको जस्तो देखिने **पुरुष**को लाश पो. मा. को लागी जिल्ला अस्पताल तौलिहवा कपिलबस्तुमा राखिएको। |  |

| | | |
|---|---|---|
| रुपन्देही | मिति २०७८।०६।०३ गते साँझ अं. २०:०० बजेको समयमा जि. रुपन्देही ति.न. पा. वडा नं. २ सिता राईस मिल चोक स्थित बुटवल भैरहवा सडक खण्डमा भैरहवा तर्फ जादै गरेको लु १ ख ९०१८ नं. को मिनिट्रकले अं. २६/२७ वर्षको नामथर, वतन नखुलेको उचाई ५.५ फिट, वर्ण कल्साउदो मझौला शरिर भएको मृत **पुरुष** व्यक्तिको लाश लुम्बिनी प्रादेशिक अस्पताल बुटवलको शव गृहमा राखिएको। |  |
| कपिलबस्तु | मिति २०७८।०५।३१ गते बिहान अं. ५:३० बजेको समयमा जि. कपिलबस्तु शिवराज न. पा. वडा नं. ५ चन्द्रौटा स्थित समिम कम्पेक्सको पश्चिम तर्फ सोही कम्पेक्सको पेटी (सिडी) मा अं. वर्ष ३०/३५ को नामथर, वतन नखुलेको, उचाई ५.४ फिट, वर्ण कल्साउदो, दाही कपाल लामो फुलेको, खैरो रंगको ट्र्याक सुट, हाप पाईन्ट, धर्के कट्टु, पहेलो रातो धर्का भएको कालो ट्र्याक पाईन्ट लगाएको र हेर्दा तराई मुलको जस्तो देखिने मृत **पुरुष** व्यक्तिको लाश पो. मा. को लागी शिवराज अस्पताल बहादुरगंज कपिलबस्तुको शव गृहमा राखिएको। |  |
| कपिलबस्तु | मिति २०७८।०५।२८ गते बिहान अं. ०७:१५ बजे जि. कपिलबस्तु शिवराज न. पा. वडा नं. ५ चन्द्रौटा बजार स्थित मदिना गल्ला स्टोर अगाडी अं. वर्ष ३०/३५ को नामथर, वतन नखुलेको, उचाई ४.११ फिट, वर्ण कल्साउदो, पातलो शरिर, लामो कपाल, दाही भएको र हल्का निलो रंगको जिन्स पाईन्ट लगाएको मृत **पुरुष** व्यक्तिको लाश पो.मा.को लागी शिवराज अस्पताल बहादुरगंज कपिलबस्तु पठाईएको। |  |
| रुपन्देही | मिति २०७८।०५।२६ गते साँझ अं. १८:०० बजेको समयमा जि. रुपन्देही सम्मरीमाई गा. पा. वडा नं. ७ बग्दियाघाट स्थित तिनाउँ नदिमा अं. वर्ष ५० को वर्ण कल्साउदो, पातलो शरिर, सेतोमा बुट्टे सर्ट, कालो पाईन्ट, उचाई ५.३ फिट र हेर्दा तराई मुलको जस्तो देखिने मृत **पुरुष**व्यक्तिको लाश पो.मा.को लागी भिम अस्पतालको शव गृहमा राखिएको। |  |
| प्युठान | मिति २०७८।०५।०७ गते बिहान अं. ०६:०० बजेको समयमा जिल्ला प्यूठान सरुमारानी गा.पा. वडा नं. ६ ढाडखोला दोभान स्थित माडी खोलामा वर्ष ३४/४० को नामथर वतन नखुलेको, सडीगली दुर्गन्धित भएको अवस्थामा मृतक लाश रहेको, उक्त मृतक लाशको टाउकोमा कपाल नभएको शरिरमा कुनै पनी कपडाहरु नभएको दाहिने खुट्टाको घुडा भन्दा तल नलिसाडमा कालो डोरी बाधेको अबस्थामा रहेको मृत **पुरुष** व्यक्तिको लाश। |  |
| नवलपरासी (पश्चिम) | मिति २०७८।०५।०६ गते अं. ०९:०० बजेको समयमा जि. नवलपरासी (पश्चिम) सुस्ता गा. पा. वडा नं. ३ रेव स्थित दुर्गा मन्दिरको प्राङ्गणमा वतन नखुलेको अं. वर्ष ६०/६५ को ओम बढई भनि चिनिने बिगत १०/१५ वर्ष देखी रेवारेतामा दिनको समयमा काम गरी साझ सोही मन्दिरमा सुत्ने बस्ने गरेको मृत **पुरुष** व्यक्तिको लाश। |  |
| दाङ | मिति २०७८।०५।०३ गते १५:०० बजेको समयमा जि. दाङ तुलसीपुर उ. म. न. पा. वडा नं. १२ जैसपुर (ग्वार खोला) स्थित खोलाको बगरमा उक्त खोलाले बगाई ल्याएको नामथर, वतन र हुलिया समेत नखुलेकी अं. वर्ष ४०/४५ कि मृत **महिला**को लाश। |  |

| | | |
|---|---|---|
| कपिलबस्तु | मिति २०७८।०४।२७ गते राती २२:०० बजे जि. कपिलबस्तु बुद्धभुमी न. पा. वडा नं. २ गोरुसिंगे जंगल स्थित पुर्व पश्चिम महेन्द्र राजमार्गमा अं. वर्ष४०/४५ को नामथर, वतन नखुलेको, उचाई ५.५ फिट, वर्ण कल्साउदो, लाम्चो अनुहार, पातलो शरिर, सेतो रातो हरियो सर्ट, हाप जिन्स पाईन्ट लगाएको, दाही जुंगा पालेको, कपाल फुलेको र हेर्दा तराई मुलको जस्तो देखिने मृत **पुरुष** व्यक्तिको लाश कपिलबस्तु अस्पताल तौलिहवाको शव गृहमा राखिएको । |  |
| रुपन्देही | मिति २०७८।०४।२६ गते अं. ०७:०० बजेको समयमा जि. रुपन्देही लुम्बिनी साँस्कृतिक न. पा. वडा नं. १० मजेदिया स्थित राजकुमार नाम बताउने अं. वर्ष ३०/३५ को, उचाई ५.४ फिट, कपालमा खैरो मेहेन्दी लगाएको, हातमा पहेलो डोरी बाधेको, खैरो पाईन्ट लगाएको, मृत **पुरुष**को लाश पो. मा. को लागी भिम अस्पताल भैरहवामा पठाईएको । |  |
| रुपन्देही | मिति २०७८।०४।१३ गते अं. १८:३० बजेको समयमा जि.रुपन्देही सिद्धार्थनगर न.पा. वडा नं ९ गोलिगढ स्थित रहेको बाटोको किनारमा रातो लेडिज साईकल सहित पल्टिएको अवस्थामा अं.३५ वर्षको वर्ण कल्साउरो, पातलो शरीर भएको, उचाई ५.३ फिट रहेको, तराई मुलको जस्तो देखिने **पुरुष**को लाश । |  |
| कपिलवस्तु | मिति २०७८।०४।१३ गते १४:०० बजे जि. कपिलवस्तु कपिलवस्तु न.पा. वडा नं ३ सिकटवा जाने बाटोमा दक्षिण साईडमा उचाई ५.५ फिट, बाँया आँखा फुलो परेको नानीको भाग सेतो रहेको, HUNT लेखेको रातो धर्के टिशर्ट, कालो ट्राउजर , निलो चप्पल लगाएको नाम थर वतन नखुलेको मधेशी मुलुकको जस्तो देखिने अं. वर्ष ४५/५० वर्षको **पुरुष**को लाश । |  |
| कपिलवस्तु | मिति २०७८।०४।१७ गते १७:०० बजेको समयमा जि. कपिलवस्तु शिवराज न.पा. वडा नं.९ शिवगढी स्थित शिवशक्ती सामुदायिक जङगलमा रहेको प्यारको रुखमा नामथर,वतन नखुलेको अं. वर्ष३०/३५ को,उचाई अं.५/८ फिट,कालो बुट्टा भएको हाफ सट र कालो ग्रन्च भएको जिन्स पाईन्ट लगाएको झुन्डीसडी दुर्गन्धित अवस्थामा फेला **पुरुष**व्यक्तिको लास,पोष्टमर्टमको लागी शिवराज अस्पताल बहदुरगंज कपिलवस्तु मा पठाईएको । |  |
| अर्घाखाँची | मितो २०७८।०४।०८ गते साँझ १८:०० बजेको समयमा जि. अर्घाखाँची सितगंगा न. पा. वडा नं. ७ कणेनी स्थित राप्ती खोला नदिमा नामथर, वतन नखुलेको, अं. वर्ष ३५/४० को उचाई ५.२ फिट, मोटो शरिर, हेर्दा जनजाति जस्तो देखिने र शरिर नाङ्गो अवस्थामा रहेको मृत **पुरुष** व्यक्तिको लाश पो. मा. को लागी जि. अस्पताल अर्घाखाँचीमा पठाईएको । |  |
| बर्दिया | मिति २०७८।०४।०५ गते बिहान १०:३० बजेको समयमा जि. बर्दिया ठाकुरबाबा न. पा. वडा नं. ९ सुकाड स्थित सुत्तैय सुकाड मध्यवर्ती सामुदायिक वन भित्र सालको रुखमा घाँटिमा पासो लगाई झुण्डी रहेको नामथर ,वतन नखुलेको, अं. वर्ष ३०/३५ को उचाई ५.६ फिट, वर्ण कल्साउदो, पातलो शरिर, हरियो चेक सर्ट, sport one लेखेको कालो ट्राउजर र हेर्दा तराई बासी (थारु) जस्तो देखिने मृत **पुरुष** व्यक्तिको लाश पो. मा. को लागी बर्दिया अस्पतालमा राखिएको । |  |

| | | |
|---|---|---|
| दाङ | मिति २०७८।०३।३० गते १३:५० बजेको समयमा जि. दाङ तुलसीपुर उ. म. न. पा. वडा नं. ६ गाईडहर स्थित मानव सेवा आश्रममा बिगत ४ महिना अगाडी देखी आश्रीत अं. वर्ष ३५ को रामचन्द्र चौधरी नाम गरेको उचाई ५.३ फिट, खरानी रंगको टिसर्ट र खरानी रंगको हाप पाईन्ट लगाएको मृत **पुरुष**को लाश राप्ति प्रादेशिक अस्पताल तुलसीपुर दाङको शव गृहमा राखिएको। |  |
| बाँके | मिति २०७८।०४।०२ गते बिहान अं. ०७:०० बजेको समयमा जि. बाँके राप्ती सोनारी गा. पा. वडा नं. १ भवानीपुर स्थित राप्ती नदिको किनारमा नामथर, वतन नखुलेको अं. वर्ष ४०/४५ को, उचाई ५.४ फिट, गोलो टाउको र लाम्चो अनुहार भएको मृत **पुरुष**व्यक्तिको लाश। |  |